# ओमसतिया गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### हाटीफर्साटिकर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

सुचना न.

## धानको वीउ खरिदका लागि शिलबन्दी बोलपत्र सम्बन्धि सूचना।

प्रथम पटक प्रकाशित मिति २०७९/१२/०६

यस कार्यालयको आ.व.२०७९/०८० मा ४० % अनुदानमा धानको उन्नत बीउ वितरण गर्ने कार्यक्रम बमोजिम धानको उन्नत बीउ आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक बीउ बिजनको कारोबार गर्न ईजाजत प्राप्त बिक्रेता वा कृषक समुह वा बीउ उत्पादक कम्पनी वा कृषि सहकारी संस्थाहरुबाट उन्नत धानको बीउ आपूर्ति गर्न यो सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रहेर देहाय बमोजिम बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्र आव्हानको सूचना राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले ३० दिन भित्र रु. ३००० (तिन हाजार पछि फिर्ता नहुने ) तिरी प्राप्त गरेको रसिद नविकरण भएको दर्ता प्रमाण पत्र, मु.अ.क.मा दर्ता भएको प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरू,सम्बन्धित निकायमा दर्ता गरेका प्रमाण पत्रको प्रतिलिपि,बीउ बिजन बिक्रि वितरणको इजाजत पत्र,आपूर्ति गरिने बीउको हरेक लटको आधिकारिक प्रयोगशालाबाट परिक्षण गरिएको बीउ परिक्षण सम्बन्धि प्रतिबेदन,स्थायी लेखा नम्बर प्रमाण पत्र, खरिद कारबाहीमा भाग अयोग्य नभएको लिखित घोषणा पत्र र प्रोप्राइटर स्वयम उपस्थित नभएमा निजको मंजुरिनामाको सक्कलै निबेदन संलग्न गरि यस कार्यालयको कृषि विकास शाखाबाट बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र खरिद गर्न सक्नेछन।

२. यस कार्यालयको प्रमुखले दस्तखत गरेको र कार्यालयको छाप लागेको बोलपत्र खरिद गरि सोहि फाराममा बोलपत्र पेश गर्नु पर्नेछ।

३. बोलपत्रको बाहिर खाममा कार्यालयलाई सम्बोधन गरि कामको नाम र ठेक्का न. स्पष्ट उल्लेख गरि आपुर्तिकर्ताको नाम र छाप लगाएको शिलबन्दिको लाहाछाप नाम र संख्या स्पष्ट उल्लेख हुनुपर्नेछ

४. यस कार्यालयबाट बिक्रि नभएको, जमानत संलग्न भई नआएको, एउटाको जमानत अर्कोमा रहेको, बाहिर खाममा र बोलपत्रको व्यहोरा फरक परेको, सिलबन्दी भई नआएको कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेको, बोलपत्र उपर कुनै कार्बाही गरिने छैन।

५. बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको दिउसो १२:०० बजे भित्र दर्ता गराउनु पर्नेछ। तोकेको मिति तथा समयभन्दा पछी बुझाएको बोलपत्र स्वीकार गरिने छैन। सोहि दिनको २:०० बजे उपस्थित भएमा बोलपत्रदाता वा प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।

६. बोलपत्र दाताले धरौटी वापतको ३ प्रतिशतले हुन आउने रकम रु. ८२५०० |- अक्षरुपी बयासी हजार पांच सय रुपैया धरौटी स्वरूप यस गाउँपालिकाको NMB bank thutipipal शाखामा रहेको धरौटी खाता - ग ३ धरौटी खाता, ओमसतिया गाउँपालिका खाता न. ०४०००५७७६४५०००४७ मा जम्मा गरेको सक्कल भौचर संलग्न हुनु पर्नेछ। वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको बिड बंड संलग्न हुनुपर्नेछ।

७. बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसैको लगत्तै कार्यालय खोलिने दिन बोलपत्र दाखिला गर्न र खोल्न सकिनेछ।

८. पेश भएको बोलपत्रको कबुल रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ।

९. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने,आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सुचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

१०. म्याद नाघी आएको,रित नपुगेको, शर्त राखिएको सिलबन्दी बोलपत्र उपर कुनै कार्बाहीगरिने छैन।

११. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

१२. खरिद गरिने सामाग्रीको तोकिएको स्पेशिफिकेशन अनुसार गर्नु पर्नेछ।

१३. यसमा उल्लेख भए देखि बाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४,बीउबिजन नियमावली २०६९ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

१४. बोलपत्र दाताले कार्यालयले तोकेको स्थानसम्म सामाग्रीको ढुवानी स्वयम गर्नुपर्ने छ।

१५. यस सम्बन्धि थप जानकारी आवश्यक परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ र कार्यालयको website-www.omsatiyamun.gov.np बाट समेत हेर्न सकिनेछ ।

**तपशिल :**

| ठेक्का न. | ठेक्काको बिबरण | कुल लागत अनुमान रु. | फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| ORM/GOODS/AG-06/079-080 | ४०% अनुदानमा धान को उन्नत बीउ वितरण (सावा मन्सुली, सावा मन्सुली सब-१ , राम धान , अल्ट्रा सुपर सम्पूर्ण लगायत नेपाल सरकार बाट तराईका लागी सिफारिस जात ) | रु,२७,५०,००० \|- ( कार्यालयको ४०% र कृषकहरुको ६०% लागत साझेदारी गरि जम्मा रकम ) | रु,३०००\|- | रु,८२५०० \|- |

प्रमुख प्रशासकीय अधिकृत